आज मिति २०८२।०३।१२ गते विहिवार विहानको ७:३० बजे सहिद मुंगालाल मोहन महतो स्मृति प्रतिष्ठान मिथिला नगरपालिका वडा नं.६ ढल्केवर, धनुषाको हलमा मिथिला नगरपालिकाको नगर प्रमुख श्री महेन्द्र महतोज्यूको अध्यक्षतामा निम्न अनुसारको उपस्थितमा देहाँय अनुसारको प्रस्तावहरुमा छलफल गर्न नगर कार्यपालिकाको बैठक बस्यो ।

उपस्थिति

| क्र.सं. | पदाधिकारीको नाम थर | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री महेन्द्र महतो | नगर प्रमुख | |
| २ | श्री सुनिता सिंह बुढाथोकी | उप-प्रमुख | |
| ३ | श्री जोगी महतो | वडा अध्यक्ष वडा नं. १ | |
| ४ | श्री विहारी महतो कोइरी | वडा अध्यक्ष वडा नं. २ | |
| ५ | श्री राम एकवाल महतो | वडा अध्यक्ष वडा नं. ३ | |
| ६ | श्री चन्द्र बहादुर बुलन तामाङ्ग | वडा अध्यक्ष वडा नं. ४ | |
| ७ | श्री रामचन्द्र महतो | वडा अध्यक्ष वडा नं. ५ | |
| ८ | श्री नन्द किशोर यादव | वडा अध्यक्ष वडा नं. ६ | |
| ९ | श्री राम बहादुर स्याङ्गदन | वडा अध्यक्ष वडा नं. ७ | |
| १० | श्री बिरेन्द्र महतो | वडा अध्यक्ष वडा नं. ८ | |
| ११ | श्री दीपक जंग थापा | वडा अध्यक्ष वडा नं. ९ | |
| १२ | श्री सविन विक्रम थापा | वडा अध्यक्ष वडा नं. १० | |
| १३ | श्री वेद वहादुर कार्की | वडा अध्यक्ष वडा नं. ११ | |
| १४ | श्री अन्जु श्रेष्ठ | कार्यपालिका सदस्य | |
| १५ | श्री मिना पजियार | कार्यपालिका सदस्य | मिना |
| १६ | श्री नगिना खातुन | कार्यपालिका सदस्य | नगिना |
| १७ | श्री कौशिल्या देवी | कार्यपालिका सदस्य | कौसिल्या |
| १८ | श्री इन्द्र कला कुमारी | कार्यपालिका सदस्य | |
| १९ | श्री महेन्द्र राउत | कार्यपालिका सदस्य | |
| २० | श्री विशेश्वर साह हलुवाई | कार्यपालिका सदस्य | |
| २१ | श्री सर्मिला सुनवार | कार्यपालिका सदस्य | |
| २२ | श्री अशोक कुमार भण्डारी | प्रमुख प्रशासकीय अधिकृत (सदस्य सचिव) | |

CamScanner

## मिथिला नगरपालिका, नगर कार्यपालिकाको बैठकको प्रस्ताव तथा निर्णयहरु

**मिति २०८२।०३।१२**

**बैठकका प्रस्तावहरु:**

प्रस्ताव नं.१) चार्जिङ्ग स्टेशन (ई-चार्जिङ्ग) को लागी जग्गा उपलब्ध सम्बन्धमा ।

प्रस्ताव नं.२) प्रशासकीय भवनको बोलपत्र आह्वान गर्ने सम्बन्धमा ।

प्रस्ताव नं.३) राष्ट्रिय परिचयपत्र ईकाइमा कार्यरत कर्मचारी सम्बन्धमा ।

**बैठकका निर्णयहरु:**

निर्णय नं.१) प्रस्ताव नं.१ मा छलफल गर्दा श्री सिचाई तथा उर्जा मन्त्रालय मधेश प्रदेश सरकारवाट यस मिथिला नगरपालिका वडा नं.८ जमुनिवासमा नयाँ चार्जिङ्ग स्टेशन (ई-चार्जिङ्ग) स्थल निर्माण गर्नको लागी जग्गा माग भई आएकोमा मि.न.पा.८ जमुनिवासमा रहेको करिव ५-१२-०-२.५ ऐलानी जग्गाको नाप नक्शाकंन गरी सो भित्र रहेका अतिक्रमित जग्गा तथा वोटविरुवाको उचित व्यवस्थान गर्न तथा महेन्द्र राजमार्गको जग्गा वाहेकको जग्गा यस नगरपालिका मार्फत संरक्षण गर्न देहाय वमोजिमको सदस्य रहने गरी ७ (सात) सदस्य रहने गरी नाप नक्शाकंन समिति गठन गर्ने तथा सो जग्गा मध्ये चार्जिङ्ग स्टेशन (ई-चार्जिङ्ग) निर्माण गर्नको लागी आवश्यक पर्ने जग्गा ऐलानी जग्गाको पश्चिम तर्फवाट उपलब्ध गराई चार्जिङ्ग स्टेशन (ई-चार्जिङ्ग) तुरुन्त निर्माण गर्न दिने र बाँकी रहने जग्गहरु मध्ये श्री मालपोत कार्यालय ढल्केवर. धनुषा, श्री नापी कार्यालय ढल्केवर. धनुषा तथा र श्री राष्ट्रपति चुरे संरक्षण कार्यालय धनुषा समेतलाई आवश्यकता अनुसारको जग्गा उपलब्ध गराउने निर्णय पारित गरियो।

देहाय:

(क) नाप नक्शाकंन समितिका पदाधिकारीहरु:

१. नगर उप-प्रमुख श्री सुनिता सिंह बुढाथोकी -संयोजक
२. वडा अध्यक्ष श्री विरेन्द्र महतो - सदस्य
३. वडा अध्यक्ष श्री राम वहादुर स्याङ्गदन- सदस्य
४. वडा अध्यक्ष श्री नन्द किशोर यादव- सदस्य
५. कार्यपालिका सदस्य श्री विशेश्वर साह हलुवाइ -सदस्य
६. अमिन श्री बचन कुमार यादव -सदस्य
७. प्रशासन, योजना तथा अनुगमन शाखा प्रमुख श्री सूर्य नारायण सिंह -सदस्य सचिव
८.आमन्त्रित सदस्य: नापी कार्यालय ढल्केवर, धनुषाको प्रतिनिधी ।

CamScanner

**निर्णय नं.२)** प्रस्ताव नं.२ मा छलफल गर्दा यस मिथिला नगरकार्यपालिकाको कार्यालयको नयाँ प्रशासकीय भवनको यथाशिघ्र बोलपत्र आह्वान गर्ने निर्णय गरियो ।

**निर्णय नं.३)** प्रस्ताव नं.३ मा छलफल गर्दा यस मिथिला नगरकार्यपालिकाको कार्यालय ढल्केवर, धनुषामा राष्ट्रिय परिचयपत्र ईकाइमा कार्यरत कर्मचारी श्री मनोज कुमार गुप्ता र विनोद कुमार रायलाई कार्य सम्पादन गरेको दिनको दैनिक रु.१५० (एक सय पचास) मात्र खाजा वापतको रकम उपलब्ध गराउने निर्णय गरियो ।